# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४३ ) काठमाडौं, मंसीर १४ गते २०५० साल ( संख्या ३२


## भाग ३

श्री ५ को सरकार

श्रम मन्त्रालयको

सूचना १

### ट्रेड यूनियन नियमावली, २०५०

ट्रेड यूनियन ऐन, २०४९ को दफा ३१ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "ट्रेड यूनियन नियमावली २०५०" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा–

(क) "ऐन" भन्नाले ट्रेड यूनियन ऐन, २०४९ सम्झनु पर्छ ।

(ख) "दर्ताको प्रमाणपत्र" भन्नाले यस नियमावली बमोजिम पंजिकाधिकारीले प्रतिष्ठानस्तरको ट्रेड यूनियनलाई दर्ता गरी दिएको प्रमाणपत्र सम्झनु पर्छ र सो शब्दले पंजिकाधिकारीले यस नियमावली बमोजिम ट्रेड यूनियन संघ वा ट्रेड यूनियन महासंघलाई दर्ता गरी दिएको प्रमाणपत्रलाई समेत जनाउँछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. प्रतिष्ठानस्तरको ट्रेड यूनियनको दर्ताको लागि दरखास्तः (१) ऐनको दफा ३ को उपदफा (२) बमोजिम प्रतिष्ठानस्तरको ट्रेड यूनियन दर्ता गराउनको लागि कार्य समितिले तोकेको पदाधिकारीले दर्ता दस्तूर वापत लाग्ने एक सय पचास रूपैयाँ संलग्न गरी अनुसूची– १ बमोजिमको ढाँचामा पंजिकाधिकारी समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको दरखास्त साथ देहायका विवरणहरू समेत स्पष्ट रूपमा खुलाइ संलग्न गरिएको हुनु पर्नेछः–

(क) प्रतिष्ठानस्तरको ट्रेड यूनियनको नाम र ठेगाना ।

(ख) प्रतिष्ठानस्तरको ट्रेड यूनियनको गठन मिति ।

(ग) ऐनको दफा १० बमोजिमको विधानको तीन प्रति ।

(घ) पदाधिकारीहरूको नाम, थर र ठेगाना ।

(ङ) दर्ताको लागि दरखास्त दिंदाको समयसम्ममा सो प्रतिष्ठानस्तरको ट्रेड यूनियनको सदस्यता प्राप्त कुल कामदार संख्या र तिनीहरूको नाम, उमेर, कार्य विवरण एवं प्रतिष्ठानमा गरेको सेवा अवधि ।

(च) दर्ता गर्नको निमित्त पंजिकाधिकारी समक्ष दरखास्त दिने सम्बन्धमा कार्य समितिले गरेको निर्णयको प्रतिलिपि ।

(छ) दर्ता गर्नको निमित्त पंजिकाधिकारी समक्ष दरखास्त दिन कुनै पदाधिकारीलाई अख्तियार गरी तोकेको सम्बन्धमा कार्य समितिको पत्र ।

(ज) दर्ता हुने प्रतिष्ठानस्तरको ट्रेड यूनियनको सदस्यता प्राप्त सदस्य कामदारहरूले अन्य प्रतिष्ठानस्तरको ट्रेड यूनियनको सदस्यता ग्रहण नगरेको कुराको स्वीकारोक्ती गरेको कागज ।

४. प्रतिष्ठान स्तरको ट्रेड यूनियन दर्ताको प्रमाणपत्रः नियम ३ बमोजिम प्रतिष्ठानस्तरको ट्रेड यूनियन दर्ता गराउनको लागि पंजिकाधिकारी समक्ष दरखास्त परेमा पंजिकाधिकारीले सोही नियमको उपनियम (२) मा उल्लेखित विवरणहरू तथा ऐनको दफा ६ बमोजिम मागिएको थप विवरणहरू समेत जाँचबुझ गरी रीत पुगे नपुगेको हेरी ऐनको दफा ३ को उपदफा (३) बमोजिम त्यस्तो प्रतिष्ठानस्तरको ट्रेड यूनियनलाई दर्ता किताबमा दर्ता गरी अनुसूची– २ बमोजिमको ढाँचामा दर्ताको प्रमाणपत्र दिनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. ट्रेड यूनियन संघको दर्ताको लागि दरखास्तः (१) ऐनको दफा ४ को उपदफा (३) बमोजिम ट्रेड यूनियन संघ दर्ता गराउनको लागि कार्य समितिले तोकेको पदाधिकारीले दर्ता दस्तूर वापत लाग्ने पाँचसय रूपैयाँ संलग्न गरी अनुसूची– ३ बमोजिमको ढाँचामा पंजिकाधिकारी समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको दरखास्तसाथ देहायका विवरणहरू समेत स्पष्ट रूपमा खुलाई संलग्न गरिएको हुनु पर्नेछः–

(क) ट्रेड यूनियन संघको नाम र ठेगाना ।

(ख) ट्रेड यूनियन संघको गठन मिति ।

(ग) ऐनको दफा १० बमोजिमको विधानको तीन प्रति ।

(घ) ट्रेड यूनियन संघ गठन गर्नको लागि प्रतिष्ठानस्तरको ट्रेड यूनियनहरूले आपसमा गरेको सम्झौताको प्रतिलिपि ।

(ङ) ट्रेड यूनियन संघ गठन गर्ने प्रतिष्ठानस्तरको ट्रेड यूनियनहरूको नाम ।

(च) प्रतिष्ठान बाहिरका एकै प्रकृतिका उद्योग व्यवसायमा काम गर्ने कामदारहरूले आपसमा सम्झौता गरी ट्रेड यूनियन संघ गठन गरेको भए त्यस्ता कामदारहरूको नाम, ठेगाना र कामको प्रकृति ।

(छ) पदाधिकारीहरूको नाम, थर र ठेगाना ।

(ज) दर्ता गर्नको निमित्त पंजिकाधिकारी समक्ष दरखास्त दिने सम्बन्धमा कार्य समितिले गरेको निर्णयको प्रतिलिपि ।

(झ) दर्ता गर्नको निमित्त पंजिकाधिकारी समक्ष दरखास्त दिन कुनै पदाधिकारीलाई अख्तियार गरी तोकेको सम्बन्धमा कार्य समितिको पत्र ।

(ञ) दर्ता हुने ट्रेड यूनियन संघको सदस्यता प्राप्त प्रतिष्ठानस्तरको ट्रेड यूनियनहरूले अन्य ट्रेड यूनियन संघको सदस्यता ग्रहण नगरेको कुराको स्वीकारोक्ती गरेको कागज ।

६. ट्रेड यूनियन संघ दर्ताको प्रमाणपत्रः नियम ५ बमोजिम ट्रेड यूनियन संघ दर्ता गराउनको लागि पंजिकाधिकारीले सोही नियमको उपनियम (२) मा उल्लेखित विवरणहरू तथा ऐनको दफा ६ बमोजिम मागिएको थप विवरणहरू समेत जाँचबुझ गरी रीत पुगे नपुगेको हेरी ऐनको दफा ४ को उपदफा (४) बमोजिम त्यस्तो ट्रेड यूनियन संघलाई दर्ता किताबमा दर्ता गरी अनुसूची– ४ बमोजिमको ढाँचामा दर्ताको प्रमाणपत्र दिनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. ट्रेड यूनियन महासंघको दर्ताको लागि दरखास्तः (१) ऐनको दफा ५ को उपदफा (२) बमोजिम ट्रेड यूनियन महासंघ दर्ता गराउनको लागि कार्य समितिले तोकेको पदाधिकारीले दर्ता दस्तूर वापत लाग्ने एक हजार रूपैयाँ संलग्न गरी अनुसूची– ५ बमोजिमको ढाँचामा पंजिकाधिकारी समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको दरखास्तसाथ देहायका विवरणहरू समेत स्पष्ट रूपमा खुलाइ संलग्न गरिएको हुनु पर्नेछः–

(क) ट्रेड यूनियन महासंघको नाम र ठेगाना ।

(ख) ट्रेड यूनियन महासंघको गठन मिति ।

(ग) ऐनको दफा १० बमोजिमको विधानको तीन प्रति ।

(घ) ट्रेड यूनियन महासंघ गठन गर्नको लागि ट्रेड यूनियन संघहरूले आपसमा गरेको सम्झौताको प्रतिलिपि ।

(ङ) ट्रेड यूनियन महासंघ गठन गर्ने ट्रेड यूनियन संघहरूको नाम ।

(च) पदाधिकारीहरूको नाम, थर र ठेगाना ।

(छ) दर्ता गर्नको निमित्त पंजिकाधिकारी समक्ष दरखास्त दिने सम्बन्धमा कार्य समितिले गरेको निर्णयको प्रतिलिपि ।

(ज) दर्ता गर्नको निमित्त पंजिकाधिकारी समक्ष दरखास्त दिन कुनै पदाधिकारीलाई अख्तियार गरी तोकेको सम्बन्धमा कार्य समितिको पत्र ।

(झ) दर्ता हुने ट्रेड यूनियन महासंघको सदस्यता प्राप्त ट्रेड यूनियन संघहरूले अन्य ट्रेड यूनियन महासंघको सदस्यता ग्रहण नगरेको कुराको स्वीकारोक्ती गरेको कागज ।

८. ट्रेड यूनियन महासंघ दर्ताको प्रमाणपत्रः नियम ७ बमोजिम ट्रेड यूनियन महासंघ दर्ता गराउनको लागि पंजिकाधिकारी समक्ष दरखास्त परेमा पंजिकाधिकारीले सोही नियमको उपनियम (२) मा उल्लेखित विवरणहरू तथा ऐनको दफा ६ बमोजिम मागिएको थप विवरणहरू समेत जाँचबुझ गरी रीत पुगे नपुगेको हेरी ऐनको दफा ५ को उपदफा (३) बमोजिम त्यस्तो ट्रेड यूनियन महासंघलाई दर्ता किताबमा दर्ता गरी अनुसूची– ६ बमोजिमको ढाँचामा दर्ताको प्रमाणपत्र दिनु पर्नेछ ।

९. दर्ताको प्रमाणपत्रको अवधि र नवीकरणः (१) नियम ४, ६ र ८ बमोजिम पंजिकाधिकारीले ट्रेड यूनियनलाई दर्ता गरी दिएको दर्ताको प्रमाणपत्रको मान्यता अवधि दुई वर्षको लागि हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२२६

(२) उपनियम (१) बमोजिमको अवधि समाप्त हुने तीन महिना अगावै ट्रेड यूनियनले त्यस्तो दर्ताको प्रमाणपत्र नवीकरण गराइसक्नु पर्नेछ। यस्तो दर्ताको प्रमाणपत्र नवीकरण बापत लाग्ने दस्तूर अनुसूची– ७ मा उल्लेख भए बमोजिम हुनेछ ।

(३) उपनियम (२) बमोजिमको म्यादभित्र दर्ताको प्रमाणपत्र नवीकरण नगराएमा म्याद नाघेको मितिले तीन महिनासम्म नवीकरण दस्तूरको पच्चीस प्रतिशत जरिवाना तिरी नवीकरण गराउन सकिनेछ र सो म्याद भित्र पनि नवीकरण नगराएमा दर्ताको प्रमाणपत्रको दर्ता खारेज हुनेछ ।

१०. आधिकारिक ट्रेड यूनियनको निर्वाचनः कामदारहरूको तर्फबाट व्यवस्थापकसँग सामूहिक सौदाबाजी गर्न कुनै प्रतिष्ठानस्तरको ट्रेड यूनियनलाई आधिकारिक ट्रेड यूनियनको मान्यता दिने प्रयोजनको निमित्त सो प्रतिष्ठानस्तरको ट्रेड यूनियनले कामदारहरूको बहुमत प्राप्त गरेको नगरेको कुराको निर्धारण गर्न पंजिकाधिकारीले निर्वाचन गराउनु पर्नेछ ।

११. पंजिकाधिकारीले निर्वाचन अधिकृत तोक्नेः नियम १० बमोजिम आधिकारिक ट्रेड यूनियनको निर्वाचन गराउनको निमित्त पंजिकाधिकारीले कुनै कर्मचारीलाई निर्वाचन अधिकृत तोक्न सक्नेछ ।

१२. निर्वाचन प्रकृयाको निर्धारण गर्नेः (१) नियम १० बमोजिम गरिने आधिकारिक ट्रेड यूनियनको निर्वाचन प्रकृया निर्धारण गर्ने सम्बन्धमा पंजिकाधिकारीले श्री ५ को सरकारको स्वीकृति लिई निर्वाचन सम्बन्धी निर्देशिका बनाइ लागू गर्नु पर्नेछ।

(२) नियम ११ बमोजिम तोकिएको निर्वाचन अधिकृतले आधिकारिक ट्रेड यूनियनको निर्वाचन गराउँदा उपनियम (१) बमोजिमको निर्वाचन सम्बन्धी निर्देशिकाको अधीनमा रही गराउनु पर्नेछ र त्यस्तो निर्वाचन गराउँदा लाग्ने सम्पूर्ण खर्च सम्बन्धित प्रतिष्ठानले व्यहोर्नु पर्नेछ ।

१३. आधिकारिक ट्रेड यूनियनलाई प्रमाणपत्र दिनु पर्नेः आधिकारिक ट्रेड यूनियनको निर्वाचनमा कामदारहरूको बहुमत प्राप्त गरी आधिकारिक ट्रेड यूनियनको मान्यता प्राप्त गर्न प्रतिष्ठानस्तरको ट्रेड यूनियनले ऐनको दफा ११ को उपदफा (२) बमोजिम पंजिकाधिकारीलाई लिखित सूचना दिएको मितिले पन्ध्र दिनभित्र पंजिकाधिकारीले त्यस्तो ट्रेड यूनियनलाई अनुसूची– ८ बमोजिमको ढाँचामा आधिकारिक ट्रेड यूनियनको प्रमाणपत्र दिनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१४. सम्मिलन भई गठन भएको प्रतिष्ठानस्तरको ट्रेड यूनियनको दर्ताको लागि दरखास्तः (१) ऐनको दफा १९ बमोजिम कुनै प्रतिष्ठानको दुई वा दुईभन्दा बढी ट्रेड यूनियनहरू एउटै प्रतिष्ठानस्तरको ट्रेड यूनियनमा सम्मिलन भई गठन भएको नयाँ प्रतिष्ठानस्तरको ट्रेड यूनियन दर्ता गराउनको लागि कार्य समितिले तोकेको पदाधिकारीले दर्ता दस्तूर वापत लाग्ने एक सय पचास रूपैयाँ संलग्न गरी अनुसूची ९ बमोजिमको ढाँचामा पंजिकाधिकारी समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको दरखास्तसाथ देहायका विवरणहरू समेत स्पष्ट रूपमा खुलाइ संलग्न गरिएको हुनु पर्नेछः–

(क) सम्मिलन भई गठन भएको प्रतिष्ठानस्तरको ट्रेड यूनियनको नाम र ठेगाना ।

(ख) सम्मिलन भई गठन भएको मिति ।

(ग) ऐनको दफा १० बमोजिमको विधानको तीन प्रति ।

(घ) सम्मिलन हुन चाहने प्रतिष्ठानस्तरको ट्रेड यूनियनका सदस्यहरूले सम्मिलनको पक्षमा खसालेको मत संख्या ।

(ङ) सम्मिलन हुने सम्बन्धमा प्रतिष्ठानस्तरको ट्रेड यूनियनहरूले आपसमा गरेको सम्झौताको प्रतिलिपि ।

(च) एउटै प्रतिष्ठानस्तरको ट्रेड यूनियनमा सम्मिलन भएका प्रतिष्ठानस्तरको ट्रेड यूनियनहरूको नाम ।

(छ) पदाधिकारीहरूको नाम, थर र ठेगाना ।

(ज) दर्ताको निमित्त पंजिकाधिकारी समक्ष दरखास्त दिने सम्बन्धमा कार्य समितिले गरेको निर्णयको प्रतिलिपि ।

(झ) दर्ता गर्नको निमित्त पंजिकाधिकारी समक्ष दरखास्त दिन कुनै पदाधिकारीलाई अख्तियार गरी तोकेको सम्बन्धमा कार्य समितिको पत्र ।

(३) उपनियम (१) बमोजिम सम्मिलन भई गठन भएको नयाँ प्रतिष्ठानस्तरको ट्रेड यूनियन दर्ता गराउनको लागि पंजिकाधिकारी समक्ष दरखास्त परेमा पंजिकाधिकारीले उपनियम (२) मा उल्लेखित विवरणहरू तथा ऐनको दफा ६ बमोजिम मागिएको थप विवरणहरू समेत जाँचबुझ गरी रीत पुगे नपुगेको हेरी त्यस्तो प्रतिष्ठानस्तरको ट्रेड यूनियनलाई दर्ता किताबमा दर्ता गरी अनुसूची २ बमोजिमको ढाँचामा दर्ताको प्रमाणपत्र दिनु पर्नेछ ।

१५. अनुसूचीमा थपघट वा हेरफेरः श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी अनुसूचीमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–१
(नियम ३ को उपनियम (१) सँग सम्बन्धित)
प्रतिष्ठानस्तरको ट्रेड यूनियन दर्ताको लागि दरखास्तको ढाँचा

मितिः–

श्रीमान् पञ्जिकाधिकारीज्यू,
. . . . . . . . . . .
. . . . . . . . . . .

महोदय,

ट्रेड यूनियन ऐन, २०४९ को दफा ३ को उपदफा (२) बमोजिम . . . . . . . . . . . . . . . प्रतिष्ठानको . . . . . . . . . . . . . . .
प्रतिष्ठानस्तरको ट्रेड यूनियन दर्ता गर्ने कार्य गर्न कार्य समितिले मलाई अख्तियार गरेको हुनाले दर्ता दस्तूर बापत लाग्ने एक सय पचास रूपैयाँ र ट्रेड यूनियन नियमावली, २०५० को नियम ३ को उपनियम (२) मा उल्लेखित विबरणहरू समेत संलग्न गरी सो प्रतिष्ठानस्तरको ट्रेड यूनियन दर्ता गराउनको लागि यो दरखास्त गरेको छु ।

भवदीय,

( . . . . . . प्रतिष्ठानस्तरको ट्रेड
यूनियनको तर्फबाट)



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची–२

(नियम ४ र नियम १४ को उपनियम (३) सँग सम्बन्धित)

### प्रतिष्ठानस्तरको ट्रेड यूनियनको दर्ताको प्रमाणपत्र

दर्ता प्रमाणपत्र नं. :–

श्री ५ को सरकार
श्रम मन्त्रालय
श्रम विभाग

.. .. .. .. .. श्रम कार्यालय

### प्रतिष्ठानस्तरको ट्रेड यूनियनको दर्ताको प्रमाणपत्र

.. .. .. .. .. .. प्रतिष्ठानको .. .. .. .. .. .. .. ..
प्रतिष्ठानस्तरको ट्रेड यूनियनलाई ट्रेड यूनियन ऐन, २०४९ को दफा ३ को उपदफा (३) बमोजिम दर्ता गरी ट्रेड यूनियन नियमावली, २०५० को नियम ४ र १४ बमोजिम यो दर्ताको प्रमाणपत्र दिइएको छ ।

पञ्जिकाधिकारीको दस्तखत

| जारी मिति | मान्यता अवधि | नवीकरण मिति | नवीकरण गर्ने अधिकृतको दस्तखत | कैफियत |
|---|---|---|---|---|
| | | | | |

मुद्रण विभाग, सिंहदरबार



आधिकारिक रुपमा मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची – ३

(नियम ५ को उपनियम (१) सँग सम्बन्धित)

ट्रेड यूनियन संघ दर्ताको लागि दरखास्तको ढाँचा

मिति:–

श्रीमान् पञ्जिकाधिकारीज्यू,

.. .. .. .. ..

.. .. .. .. ...

महोदय,

ट्रेड यूनियन ऐन, २०४९ को दफा ४ को उपदफा (३) बमोजिम ....... ट्रेड यूनियन संघ दर्ता गर्ने कार्य गर्न कार्य समितिले मलाई अख्तियार गरेको हुनाले दर्ता दस्तूर वापत लाग्ने पाँचसय रूपैयाँ र ट्रेड यूनियन नियमावली, २०५० को नियम ५ को उपनियम (२) मा उल्लेखित विवरणहरू समेत संलग्न गरी सो ट्रेड यूनियन संघ दर्ता गराउनको लागि यो दरखास्त गरेको छु।

भवदीय

(.. .. .. .. .. ट्रेड यूनियन संघको तर्फबाट)



मुद्रण विभाग सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
३५९

अनुसूची– ४
(नियम ५ सँग सम्बन्धित)
ट्रेड यूनियन संघको दर्ताको प्रमाणपत्र

दर्ता प्रमाणपत्र नं. :–

श्री ५ को सरकार
श्रम मन्त्रालय
श्रम विभाग
.. .. .. .. श्रम कार्यालय

ट्रेड यूनियन संघको दर्ताको प्रमाणपत्र

.. .. .. .. .. .. .. .. ट्रेड यूनियन संघलाई ट्रेड यूनियन ऐन, २०४९ को दफा ४ को उपदफा (४) बमोजिम दर्ता गरी ट्रेड यूनियन नियमावली, २०५० को नियम ६ बमोजिम यो दर्ताको प्रमाणपत्र दिइएको छ ।

पञ्जिकाधिकारीको दस्तखतः–

| जारी मिति | मान्यता अवधि | नवीकरण मिति | नवीकरण गर्ने अधिकृतको दस्तखत | कैफियत |
|---|---|---|---|---|
| | | | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
३६२
मुद्रण विभाग, सिंहदरबार

अनुसूची–५
(नियम ७ को उपनियम (१) सँग सम्बन्धित)

ट्रेड यूनियन महासंघ दर्ताको लागि दरखास्तको ढाँचा

मितिः–

श्रीमान् पञ्जिकाधिकारीज्यू,

.. .. .. .. ..
.. .. .. .. ..

महोदय,

ट्रेड यूनियन ऐन, २०४९ को दफा ५ को उपदफा (२) बमोजिम . . . . ट्रेड यूनियन महासंघ दर्ता गर्ने कार्य गर्न कार्य समितिले मलाई अख्तियार गरेको हुनाले दर्ता दस्तूर वापत लाग्ने एक हजार रूपैयाँ र ट्रेड यूनियन नियमावली, २०५० को नियम ७ को उपनियम (२) मा उल्लेखित विवरणहरू समेत संलग्न गरी सो ट्रेड यूनियन महासंघ दर्ता गराउनको लागि यो दरखास्त गरेको छु ।

भवदीय

( .. .. .. ट्रेड यूनियन महासंघको
तर्फबाट)



३४३
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार

अनुसूची – ६
(नियम ८ सँग सम्बन्धित)

## ट्रेड यूनियन महासंघको दर्ताको प्रमाणपत्र

दर्ता प्रमाणपत्र नं. :–

श्री ५ को सरकार
श्रम मन्त्रालय
श्रम विभाग

.. .. .. .. श्रम कार्यालय

## ट्रेड यूनियन महासंघको दर्ताको प्रमाणपत्र

.. .. .. .. .. .. ट्रेड यूनियन महासंघलाई ट्रेड यूनियन ऐन, २०४९ को दफा ५ को उपदफा (३) बमोजिम दर्ता गरी ट्रेड यूनियन नियमावली, २०५० को नियम ८ बमोजिम यो दर्ताको प्रमाणपत्र दिइएको छ।

पञ्जिकाधिकारीको दस्तखत:–

| जारी मिति | मान्यता अवधि | नवीकरण मिति | नवीकरण गर्ने अधिकृतको दस्तखत | कैफियत |
|---|---|---|---|---|
| | | | | |



आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची–७
(नियम ६ को उपनियम (२) सँग सम्बन्धित)

### दर्ताको प्रमाणपत्रको नवीकरण दस्तूर

दर्ताको प्रमाणपत्रको नवीकरण दस्तूर देहाय बमोजिम हुनेछः–

| | नवीकरण दस्तूर |
|---|---|
| (१) प्रतिष्ठानस्तरको ट्रेड यूनियन | रू. ७५।– |
| (२) ट्रेड यूनियन संघ | रू. २५०।– |
| (३) ट्रेड यूनियन महासंघ | रू. ५००।– |

मुद्रण विभाग, सिंहदरबार



३४५
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–८
(नियम १३ सँग सम्बन्धित)

## आधिकारिक ट्रेड यूनियनको प्रमाणपत्र

..................प्रतिष्ठानको प्रतिष्ठानस्तरको ट्रेड यूनियनका कामदारहरूको तर्फबाट व्यवस्थापकसँग सामूहिक सौदाबाजी गर्न ट्रेड यूनियन ऐन, २०४९ को दफा ११ बमोजिम..........प्रतिष्ठानस्तरको ट्रेड यूनियनले मान्यता प्राप्त गरेको सूचना दिएको हुनाले ट्रेड यूनियन नियमावली, २०५० को नियम १३ बमोजिम सो प्रतिष्ठानस्तरको ट्रेड यूनियनलाई आधिकारिक ट्रेड यूनियनको प्रमाणपत्र दिइएको छ।

पञ्जिकाधिकारीको दस्तखतः

मितिः–



३८६
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार

अनुसूची–६
(नियम १४ संग सम्बन्धित)

सम्मिलनको लागि दरखास्तको ढाँचा

मितिः–

श्रीमान् पञ्जिकाधिकारीज्यू,
...............
...............

महोदय,

ट्रेड यूनियन ऐन, २०४९ को दफा १९ बमोजिम ........प्रतिष्ठानको देहायका प्रतिष्ठानस्तरका ट्रेड यूनियनहरू एउटै प्रतिष्ठानस्तरको ट्रेड यूनियनमा सम्मिलन भई गठन भएको......... प्रतिष्ठानस्तरको ट्रेड यूनियन दर्ता गर्ने कार्य गर्न कार्य समितिले मलाई अख्तियार गरेको हुनाले दर्ता दस्तूर वापत लाग्ने एकसय पचास रूपैयाँ र ट्रेड यूनियन नियमावली, २०५० को नियम ३ को उपनियम (२) मा उल्लेखित विवरणहरू समेत संलग्न गरी सो प्रतिष्ठानस्तरको ट्रेड यूनियन दर्ता गराउनको लागि यो दरखास्त गरेको छु ।

भवदीय
(......प्रतिष्ठानस्तरको
ट्रेड यूनियनको तर्फबाट)

१.........
२.........
३.........



३८६
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग सिंहदरबार

## सूचना २

श्री ५ को सरकारले ट्रेड यूनियन ऐन, २०४९ को दफा १४ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी नेपाल अधिराज्यका ट्रेड यूनियन सघं र ट्रेड यूनियन महासघं दर्ता गर्ने प्रयोजनको लागि श्रम विभागका महानिर्देशकलाई र प्रतिष्ठानस्तरका ट्रेड यूनियन दर्ता गर्ने प्रयोजनको लागि सम्बन्धित श्रम कार्यालयका प्रमुखहरूलाई पंजिकाधिकारी तोकेको छ।

आज्ञाले,
डा. प्रभा बस्नेत
श्री ५ को सरकारको का.मु. सचिव



३४८
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार

# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको सूचना

कृषि मन्त्रालयका सचिव श्री विन्देश्वरीप्रसाद सिन्हा कृषि प्रविधि आदान-प्रदान कार्यक्रममा थाइलैंड जानु भएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह सचिव श्री रामकृष्ण तिवारीलाई मिति २०५०।७।२२ देखि कायम मुकाम मुकरर गरेको छ ।

आज्ञाले,
बलरामसिंह मल्ल
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## सामान्य प्रशासन मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले मिति २०५०।४।१५ को निर्णयानुसार नेपाल प्रशासन सेवा राजपत्राङ्कित तृतीय श्रेणीका देहायका अधिकृतहरूलाई देहाय बमोजिम सरुवा गरेको छ ।

| क्र. सं. | नाम, थर | साबिक पद र कार्यालय | सरुवा भएको पद र कार्यालय |
|---|---|---|---|
| १. | श्री हरिबहादुर बि. सी, | प्रशासकीय अधिकृत, जिल्ला प्रशासन कार्यालय प्यूठान । | राजपत्राङ्कित तृतीय श्रेणी, स्थानीय विकास मन्त्रालय वा अन्तर्गत । |
| २. | श्री भरतराज पोखरेल | कार्यकारी अधिकृत, बिदुर नगरपालिका । | राजपत्राङ्कित तृतीय श्रेणी, भूमिसुधार तथा व्यवस्था मन्त्रालय वा अन्तर्गत । |



३४१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| ३. श्री बलराम श्रेष्ठ | शाखा अधिकृत, मन्त्रि-परिषद् सचिवालय, प्रधानमन्त्रीको कार्यालय । | राजपत्राङ्कित तृतीय श्रेणी, वाणिज्य मन्त्रालय वा अन्तर्गत । |
| ४. श्री ज्ञानचन्द्र श्रेष्ठ | शाखा अधिकृत, विशेष प्रहरी विभाग । | शाखा अधिकृत, निजामती किताव खाना । |
| ५. श्री पुष्कर श्रेष्ठ | राजपत्राङ्कित तृतीय श्रेणी, सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूह । | राजपत्राङ्कित तृतीय श्रेणी, आपूर्ति मन्त्रालय वा अन्तर्गत । |
| ६. श्री विष्णुहरि पौडेल | शाखा अधिकृत, आपूर्ति मन्त्रालय । | राजपत्राङ्कित तृतीय श्रेणी, कृषि मन्त्रालय वा अन्तर्गत । |
| ७. श्री बलराम सोती | राजपत्राङ्कित तृतीय श्रेणी, सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूह। | राजपत्राङ्कित तृतीय श्रेणी, स्थानीय विकास मन्त्रालय वा अन्तर्गत । |

## सूचना २

श्री ५ को सरकारले मिति २०५०।५।८ को निर्णयानुसार नेपाल प्रशासन सेवा राजपत्राङ्कित तृतीय श्रेणी मालपोत विभागका शाखा अधिकृत श्री सहनशिला श्रेष्ठले आफ्नो पदबाट दिनु भएको राजीनामा मिति २०४६।६।११ देखि लागू हुने गरी स्वीकृत गरेको छ ।

आज्ञाले,
सुरेन्द्रनाथ अर्याल
उप-सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।